आज मिति २०८१ साल पुष २५ गतेका दिन गाउँपालिकाका अध्यक्ष श्री अशोक कुमार कार्की ज्यूको अध्यक्षतामा गाउँ कार्यपालिकाको बैठक बसि तपसिल बमोजिमका प्रस्ताव उपर छलफल गरी निर्णय गरियो।

**उपस्थिति**

| क्र.स. | पद | नाम थर | हस्ताक्षर |
|---|---|---|---|
| १ | अध्यक्ष | श्री अशोक कुमार कार्की | |
| २ | उपाध्यक्ष | श्री अस्मिता थापा | |
| ३ | वडाध्यक्ष, वडा नं. १ | श्री हिरा बहादुर कार्की | |
| ४ | वडाध्यक्ष, वडा नं. २ | श्री राम कुमार बुढाथोकि | |
| ५ | वडाध्यक्ष, वडा नं. ३ | श्री सोकर्ण श्रेष्ठ | |
| ६ | वडाध्यक्ष, वडा नं. ४ | श्री घनबहादुर कार्की | |
| ७ | वडाध्यक्ष, वडा नं. ५ | श्री मोहन कार्की | |
| ८ | वडाध्यक्ष, वडा नं. ६ | श्री टिका बहादुर क्याप्छाकी | |
| ९ | वडाध्यक्ष, वडा नं. ७ | श्री तारा बहादुर तामाङ | |
| १० | वडाध्यक्ष, वडा नं. ८ | श्री पुरुषोत्तम पौडेल | |
| ११ | वडाध्यक्ष, वडा नं. ९ | श्री केशवहरी ढुंगेल | |
| १२ | कार्यपालिका सदस्य | श्री ईला बहादुर मुदेल | |
| १३ | कार्यपालिका सदस्य | श्री पशुपति सुनुवार | |
| १४ | कार्यपालिका सदस्य | श्री कमला कार्की | |
| १५ | कार्यपालिका सदस्य | श्री रेणुका मगर | |
| १६ | कार्यपालिका सदस्य | श्री अम्बिका बिश्वकर्मा | |
| १७ | कार्यपालिका सदस्य | श्री गितादेवी बर्मे | |
| १८ | सदस्य सचिव | श्री अर्जुन कुमार राउत | |

सहायक कर्मचारीहरु:

श्री प्रमोद भट्टराई

श्री कर्ण बहादुर कार्की

**प्रस्तावित विषयहरुः**

१. समीक्षा सम्बन्धमा ।
२. प्रशासकीय भवन ठेक्का आह्वान सम्बन्धमा ।
३. पाँच शय्या अस्पताल सञ्चालन सम्बन्धमा ।
४. लिजा/एफ-आरे/ लगायत सुचक सम्बन्धमा ।
५. करार पदपुर्ति सम्बन्धमा ।
६. करार कर्मचारी म्याद थप सम्बन्धमा ।
७. कर्मचारीको तहवृद्धि सम्बन्धमा ।
८. हिउँदे गाउँसभा सम्बन्धमा ।
९. राष्ट्रपति रनिङशिल्ड कार्यक्रमको प्रतिवेदन सम्बन्धमा ।
१०. योजना अनुगमन प्रतिवेदन अनुमोदन सम्बन्धमा ।
११. ऐन तथा कार्यविधि सम्बन्धमा
    क. दलित अधिकार प्रवर्द्धन, सशक्तिकरण र विकास गर्ने सम्बन्धमा ब्यवस्था गर्न बनेको विधेयक,
    ख. खेलकुद प्रशिक्षक कार्यविधि,
    ग. डोजर सञ्चालन कार्यविधि,
    घ. आन्तरिक नियन्त्रण कार्यविधि ।
१२. आर्थिक विकास समितिको प्रस्ताव सम्बन्धमा,
१३. विद्यालय स्वास्थ्य समन्वय समिति गठन सम्बन्धमा,
१४. प्रधानमन्त्री रोजगार कार्यक्रम सम्बन्धमा
१५. सडक वत्ति जडान सम्बन्धमा,
१६. ब्याक हु लोडर तथा एम्बुलेन्स आम्दानी तथा खर्च विवरण सम्बन्धमा,
१७. विविध समसामयीक विषय

**निर्णयहरु**

**निर्णय नं. १, प्रस्ताव नं १, उपर निर्णय,**

प्रस्ताव नं. १ माथि आवश्यक छलफल गर्दा विगतका कार्यपालिकाको बैठकका निर्णयहरु क्रमश: प्रभावकारी रुपमा कार्यान्वयन भइरहेको अवस्थामा यसलाई थप प्रभावकारी बनाउन सरोकारवाला पक्षहरु बिचमा समन्वय गरी कार्यान्वयन गर्ने सर्वसम्मत निर्णय गरियो ।

**निर्णय नं २, प्रस्ताव नं २, उपर निर्णय**

प्रस्ताव नं. २ माथि आवश्यक छलफल गर्दा आ.व. २०८१।०८२ को स्वीकृत वार्षिक कार्यक्रमअन्तर्गत प्रशासकीय भवन निर्माणको लागि गाउँपालिकाले बेहोर्नुपर्ने कुल लागतको ४० प्रतिशत रकम वापत यस वर्ष रु. ८० लाख रकम विनियोजन गरेकोमा हालसम्म स्थानीय पूर्वाधार विभाग श्रीमहल, ललितपुरबाट वेहोर्नुपर्ने साझेदारीवापतको ६० प्रतिशत रकम सम्बन्धमा कुनै प्रतिवद्धता प्राप्त नभएकोले हाललाई प्रशासकीय भवनको स्वीकृत डिपिआर बमोजिम नै बहुवर्षे ठेक्का आहवान गरी प्रक्रिया अघि बढाउने तथा स्थानीय पूर्वाधार विभागबाट स्रोत सुनिश्चितता प्राप्त नभएमा गाउँपालिकाको तर्फबाट उक्त स्रोतको व्यवस्थापन गर्ने सर्वसम्मत निर्णय गरियो ।

**निर्णय नं ३, प्रस्ताव नं ३, उपर निर्णय**

प्रस्ताव नं. ३ माथि आवश्यक छलफल गर्दा लिखु गाउँपालिकाको आधारभूत अस्पताल निर्माण कार्य सम्पन्न भई हस्तान्तरणसमेत भैसकेको हुनाले हाललाई अस्पताल सञ्चालनको लागि लिखु गाउँपालिका वडा नं ४ मा सञ्चालित स्वास्थ्य चौकी यसम,गाउँपालिकाको कार्यालयमा रहेको ग्रामिण आँखा क्लिनिक र आयुर्वेद उप-शाखालाई आधारभूत अस्पतालबाट मिति २०८१/१०/१० देखि संयुक्त रुपमा सेवा दिने गरी स्थानान्तरण गर्ने सर्वसम्मत निर्णय गरियो ।

**निर्णय नं ४, प्रस्ताव नं ४, उपर निर्णय**

प्रस्ताव नं. ४ माथि आवश्यक छलफल गर्दा स्थानीय तह संस्थागत क्षमता स्वमूल्याङ्कन कार्यविधि २०७७ बमोजिम गत आर्थिक वर्ष २०८०/८१ को कार्यालयले मूल्याङ्कन गर्दा ९६ अंक कायम हुन आएकोले उक्त प्रारम्भिक नतिजालाई जिल्ला समन्वय समिति ओखलढुङ्गामा पेस गरी प्राप्त पृष्ठपोषणका आधारमा कायम हुन आउने अन्तिम नतिजालाई सार्वजनिक गर्ने, स्थानीय तह वित्तीय सुशासन जोखिम मूल्याङ्कन कार्यविधि २०७७ मा स्थानीय तहले आफ्नो पालिकाको वित्तीय जोखिमको लेखाजोखा तथा सूचकहरु स्वमूल्याङ्कन गरी अन्तिम मूल्याङ्कनको लागि जिल्ला समन्वय समितिमा पठाउने व्यवस्था रहेकोले कार्यविधि बमोजिम अन्तिम मूल्याङ्कनको लागि जिल्ला समन्वय समितिमा पठाउने सर्वसम्मत निर्णय गरियो ।

**निर्णय नं ५, प्रस्ताव नं ५, उपर निर्णय**

प्रस्ताव नं. ५ माथि आवश्यक छलफल गर्दा लिखु गाउँपालिका तथा मातहतका कार्यालय तथा स्वास्थ्य संस्थाहरुमा रिक्त रहेको देहाय बमोजिमको पद /तहमा करार सेवामा कर्मचारी पदपुर्तिको लागि १५ दिनको म्याद राखि विज्ञापन आह्वान गर्ने सर्वसम्मत निर्णय गरियो।

कर्मचारी छनौट समितिको सम्बन्धमा कार्यपालिकाको मिति २०८१/३/२७ गतेको निर्णय बमोजिम गर्ने सर्वसम्मत निर्ण गरियो।

| क्र.सं. | पद | तह/श्रेणी | आवश्यक सङ्ख्या | कार्यालय |
|---|---|---|---|---|
| १. | मेडिकल अधिकृत | तह ८ | १ | आधारभूत अस्पताल |
| २. | रोजगार संयोजक | तह ६ | १ | लिखु गाउँपालिकाको कार्यालय |
| ३. | इन्जिनियर | तह ६ | १ | लिखु गाउँपालिकाको कार्यालय |
| ४. | अ.सव.ईन्जिनियर | तह ४ | १ | लिखु गाउँपालिकाको कार्यालय |
| ४. | एम.आई.एस. अपरेटर | तह ५ | १ | लिखु गाउँपालिकाको कार्यालय |
| ५. | डेन्टल हाइजिनिष्ट | तह ५ | १ | गाम्नाङटार अस्पताल |
| ६. | अ.हे.व. | तह ४ | २ | दरवन्दी रिक्त रहेका स्वास्थ्य चौकीहरु |
| ७. | अ.न.मी. | तह ४ | २ | दरवन्दी रिक्त रहेका स्वास्थ्य चौकीहरु |

**निर्णय नं ६, प्रस्ताव नं ६, उपर निर्णय**

प्रस्ताव नं. ६ माथि आवश्यक छलफल गर्दा लिखु गाउँपालिका र अन्तर्गतका कार्यालयमा कार्यरत कार्यालयको कार्यसम्पादन अपेक्षित रहेका तपसिल बमोजिमका अस्थायी तथा करारमा कार्यरत कर्मचारीहरुको म्याद यहि मिति २०८१ पौष मसान्तमा समाप्त हुने भएकोले २०८१ माघ १ देखि आगामी २०८२ असार मसान्त सम्म म्याद थप गर्ने।

(क) गाउँपालिका कार्यालय

| क्र.स. | कर्मचारीको नाम | पद | स्थायी/करार |
|---|---|---|---|
| १ | राज कुमार कुटवाल | पशु सेवा सहायक चौथो | करार |
| २ | सुमन पराजुली | कृषि सहायक चौथो | करार |
| ३ | गणेश ओली | उद्यम विकास सहजकर्ता | करार |
| ४ | शिवशंकर प्रसाद शाह | नेत्र सहायक | करार |
| ५ | आरती पाण्डे | CBRF सहजकर्ता | करार |
| ६ | अनुज रोका | प्रहरी जवान | करार |
| ७ | लोक कृष्ण श्रेष्ठ | प्रहरी जवान | करार |

| | | | |
|---|---|---|---|
| ८ | आशिष पौडेल | प्रहरी जवान | करार |
| ९ | भुवन बस्नेत | प्रहरी जवान | करार |
| १० | अनोज काफ्ले | ह.स.चा. | करार |
| ११ | सरोज कार्की | ह.स.चा. | करार |
| १२ | होम कुमार श्रेष्ठ | ह.स.चा. | करार |
| १३ | रवि कटुवाल | कार्यालय सहयोगी | करार |
| १४ | अन्जना मगर | कार्यालय सहयोगी | करार |
| १५ | रोशन सुवेदी | कार्यालय सहयोगी | करार |
| १६ | निशा कार्की | कार्यालय सहयोगी | करार |
| १७ | सुशिला थापा | कार्यालय सहयोगी | करार |
| १८ | सुस्मा थापा | कार्यालय सहयोगी | करार |
| १९ | कर्ण बहादुर कार्की | कार्यालय सहयोगी | डोरहाजिरी |
| २० | लक्ष्मी खत्री | कार्यालय सहयोगी | डोरहाजिरी |
| २१ | सरिता तिमल्सिना | स्वीपर | डोरहाजिरी |
| २२ | सुमित्रा ढुंगेल | कार्यालय सहयोगी | डोरहाजिरी |

(ख) वडा कार्यालय

| क्र.स. | कर्मचारीको नाम | पद | स्थायी/करार |
|---|---|---|---|
| १ | दिपिका ढुंगेल | कृषि सहायक चौथो | करार |
| २ | विष्णु भुजेल | कार्यालय सहयोगी | करार |
| ३ | कल्पना थापा मगर | कार्यालय सहयोगी | करार |
| ४ | डोल कुमारी श्रेष्ठ | कार्यालय सहयोगी | करार |
| ५ | लोक कुमारी तामाङ | कार्यालय सहयोगी | करार |
| ६ | उषा श्रेष्ठ | CBRF सहजकर्ता | करार |
| ७ | पविना भट्टराई | कार्यालय सहयोगी | करार |
| ८ | रोश्नी कार्की | कार्यालय सहयोगी | करार |
| ९ | मिलन खड्का | कार्यालय सहयोगी | करार |
| १० | हस्त माया तामाङ | कार्यालय सहयोगी | करार |

(ग) स्वास्थ्य कार्यालय

| क्र.स. | कर्मचारीको नाम | पद | स्थायी/करार |
|---|---|---|---|
| १ | हिमा बि. क. | अ.न.मी. | करार |

| | | | |
|---|---|---|---|
| २ | रविन्द्र वुढाथोकी | कार्यालय सहयोगी | करार |
| ३ | पार्वती श्रेष्ठ | कार्यालय सहयोगी | करार |
| ४ | सम्झाना श्रेष्ठ | स्वीपर | करार |
| ५ | ज्ञानु श्रेष्ठ | कार्यालय सहयोगी | करार |
| ६ | गीता कार्की (मंग्राती) | कार्यालय सहयोगी | करार |
| ७ | चिना खत्री | कार्यालय सहयोगी | करार |
| ८ | देवशरण यादव | हे. अ | करार |
| ९ | अन्जना श्रेष्ठ | ल्याव टेकी. | करार |
| १० | मुना कार्की | स्वीपर | करार |
| ११ | रञ्जिना वि.क. | कार्यालय सहयोगी | करार |
| १२ | मेनुका खड्का | अ.हे.व. | करार |
| १३ | सोनिया विष्ट | अ.हे.व. | करार |
| १४ | मान कुमारी मगर | अ.न.मी. | करार |
| १५ | तारा देवी कार्की | कार्यालय सहयोगी | करार |
| १७ | शिवराज गौतम | कार्यालय सहयोगी | करार |
| १८ | पुजना तामाङ | अ.हे.व. | करार |
| १९ | पुष्प कुमार खड्का | कार्यालय सहयोगी | करार |
| २० | मिन कुमारी ढुंगेल | स्वीपर | करार |
| २१ | ममता तामाङ | अ.न.मी. | करार |
| २२ | संगिता ढुंगेल | कार्यालय सहयोगी | करार |
| २३ | शिशिर खत्री | कार्यालय सहयोगी | करार |

**निर्णय नं ७, प्रस्ताव नं ७, उपर निर्णयः**

प्रस्ताव नं. ७ माथि आवश्यक छलफल गर्दा लिखु गाउँपालिका र अन्तर्गतका कार्यालयहरुमा कार्यरत स्थायी कर्मचारीहरुको तह वृद्धिको लागि स्थानीय सरकारी सेवाको गठन, सञ्चालन र सेवाका शर्तहरु सम्बन्धमा व्यवस्था गर्न वनेको ऐन २०८०, को दफा ४ को उपदफा ५ र दफा २७ को उपदफा १ र २ को व्यवस्था बमोजिम योग्यता पुगेको कर्मचारीहरुले सूचना प्रकाशन गरिएको मितिले ३० (तीस) दिन भित्र तह वृद्धिको लागि सूचनामा उल्लेखित आवश्यक योग्यताको साथमा निवेदन पेश गर्ने तपसिल बमोजिम योग्यता पुगेका कर्मचारीहरुको ऐनको दफा ४ र २७ अनुसार तह वृद्धि गर्नको लागि गठन भएको समितिद्वारा यस कार्यपालिकासमक्ष पेश भएको देहाय बमोजिमको कर्मचारीको तह वृद्धि गर्ने सर्वसम्मत निर्णय गरियो ।

<table>
<tr><th>साविककोः</th><th>तह वृद्धिको लागि सिफारिस गरिएको</th></tr>
<tr><td colspan="2">कर्मचारीको नामः विपना श्रेष्ठ</td></tr>
</table>

| | |
|---|---|
| पद: प्रशासकीय अधिकृत<br>सेवा/समुह : प्रशासन /सामान्य प्रशासन<br>तह : अधिकृतस्तर सातौं | पद: प्रशासकीय अधिकृत<br>सेवा /समुह :प्रशासन / सामान्य प्रशासन<br>तह : अधिकृतस्तर आठौं |
| **कर्मचारीको नाम: रसना मगर** | |
| पद: प्रशासन सहायक<br>सेवा/समुह : प्रशासन /सामान्य प्रशासन<br>तह : सहायकस्तर पाँचौ | पद: प्रशासकीय अधिकृत<br>सेवा /समुह :प्रशासन / सामान्य प्रशासन<br>तह : अधिकृतस्तर छैठौं |
| **कर्मचारीको नाम: बलराम फुयल** | |
| पद: लेखापाल<br>सेवा/समुह : प्रशासन /लेखा<br>तह : सहायकस्तर पाँचौ | पद: लेखा अधिकृत<br>सेवा /समुह : प्रशासन / लेखा<br>तह : अधिकृतस्तर छैठौं |

**निर्णय नं ८, प्रस्ताव नं. ८ उपर निर्णयः हिउँदे गाउँसभा:**

प्रस्ताव नं. ८ माथि आवश्यक छलफल गर्दा आर्थिक वर्ष ०८१/८२ को हिउँदे गाउँ सभा अधिवेशन मिति २०८१/१०/१५ गतेबाट प्रारम्भ गर्ने सर्वसम्मतबाट निर्णय गरियो ।

**निर्णय नं ९, प्रस्ताव नं ९, उपर निर्णयः**

प्रस्ताव नं. ९ माथि आवश्यक छलफल गर्दा छैठौं राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता-२०८१ सम्बन्धमा देहाय बमोजिम गर्ने सर्वसम्मत निर्णय गरियो-

क. गाउँपालिका स्तरीय छैठौं राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता-२०८१ सफलतापूर्वक सम्पन्न भएकोले प्रतियोगिता सञ्चालनमा सहयोग गर्नुहुने अध्यक्षज्यू, उपाध्यक्षज्यू, वडा अध्यक्षज्यूहरु, कार्यपालिका सदस्यज्यूहरु, एम्पायरज्यूहरु, सहायक एम्पायरज्यूहरु, लिखु गाउँपालिकाका कर्मचारी तथा स्वास्थ्यकर्मीहरु, सुरक्षाकर्मीहरु, पत्रकारहरु, ८ वटै माध्यमिक विद्यालयका शिक्षक तथा विद्यार्थीहरु साथै सम्बन्धित सबै लिखुबासी महानुभावहरुलाई हार्दिक कृतज्ञता प्रकट गर्ने निर्णय गरियो ।

ख. मिति २०८१ साल पौष ११ गतेको लिखु गाउँपालिका स्तरिय राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता व्यवस्थापन तथा निर्देशन समितिबाट पेश गरिएको छैठौ राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता-२०८१ को प्रतिवेदन अनुमोदन गर्ने निर्णय गरियो ।

**निर्णय नं १०, प्रस्ताव नं १०, उपर निर्णयः**

प्रस्ताव नं. १० माथि आवश्यक छलफल आवश्यक छलफल गर्दा लिखु गाउँपालिकाको आ.व. २०८०/८१ को स्वीकृत बजेट तथा कार्यक्रम अनुसारको पुर्वाधार निर्माण सम्बन्धी ठेक्का आयोजनामा म्याद थप भएका आयोजनाहरुको योजना अनुगमन समितिबाट पेश भएको ठेक्का आयोजना अनुगमन प्रतिवेदन अनुमोदन गर्ने सर्वसम्मत निर्णय गरियो ।

**<u>सम्पन्न भईसके ठेक्का आयोजनाहरु:-</u>**

| S.N | Contract ID | Work Description | Bidder Selected |
|---|---|---|---|
| १ | LRM/NCB/Building/ 2080/81-06 | Remaining work of ward office building at likhu rural municipality ward no 5 okhaldhuga | Pinnacle engineers pvt.ltd kamerotar |
| २ | LRM/NCB/Building/ 2080/81-07 | Remaining work of ward office building at likhu rural municipality ward no 7 okhaldhuga | Likhu construction,Kathmandu |
| ३ | LRM/NCB/Building/ 2080/81-08 | Remaining work of gramoday yogakabi siddhicharan secondary school at likhu rual municipalty ward 6 | Punadebi Construction Pvt.Ltd,Likhu Okhaldhunga |
| ४ | LRM/NCB/Road/ 2080/81-02 | Upgrading work of ramcha baghkhor dada Road at likhu rural municipality 1, Okhaldhuga | Jaya Krishna Builders |

**निर्णय नं ११, प्रस्ताव नं ११, उपर निर्णयः**

प्रस्ताव नं. ११ माथि आवश्यक छलफल गर्दा लिखु गाउँपलिकाको आगामी गाउँ सभा तथा कार्यपालिका बैठकमा पेश गर्नको लागि देहायका ऐन तथा कार्यविधि अध्ययन गरी पेश गर्न कार्यपालिका विधेयक समितिलाई जिम्मेवारी प्रदान गर्ने सर्वसम्मत निर्णय गरियो।

(क) दलित अधिकार प्रवर्द्धन, सशक्तिकरण र विकास गर्ने सम्बन्धमा ब्यवस्था गर्न बनेको विधेयक,

(ख) खेलकुद प्रशिक्षक कार्यविधि,

(ग) डोजर सञ्चालन कार्यविधि,

(घ) आन्तरिक नियन्त्रण कार्यविधि।

**निर्णय नं १२, प्रस्ताव नं १२, उपर निर्णयः**

प्रस्ताव नं. १२ माथि आवश्यक छलफल गर्दा आर्थिक विकास समितिबाट पेश भएका प्रस्ताव सम्बन्धमा देहाय बमोजिम निर्णय गरि आगामी गाउँ सभामा पेश गर्ने सर्वसम्मत निर्णय गरियो

(क) आ.व. २०८१/८२ कृषि विकास तथा सहकारी शाखाको वार्षिक स्वीकृत कार्यक्रम *तरकारीको बीउबिजन खरिद तथा वितरण कार्यक्रम* अन्तर्गत वितरण गरिने तरकारीको बीउबिजनमा प्रति प्याकेट मुल्यको ७५ प्रतिशत गाउँपालिकाले अनुदान दिने र बाँकी २५ प्रतिशत कृषकको लागत साझेदारी हुने गरी अग्रीम राजश्व संकलन गरेर वितरण गर्ने।

(ख) आ.व २०८१/८२ मा पशुपन्छी विकास शाखाको *रेविज खोप कार्यक्रम*अन्तर्गत संक्रमित एवं संक्रमण संभावित जनावरलाई लगाइने खोपको हकमा प्रति खोप रु. १०० र संभावित संक्रमित मानिसलाई लगाइने खोपको हकमा प्रति खोप रु. ३०० अग्रीम राजश्व संकलन गरी उपलब्ध गराउने।

**निर्णय नं १३, प्रस्ताव नं १३, उपर निर्णयः**

प्रस्ताव नं. १३ माथि आवश्यक छलफल गर्दा लिखु गाउँपालिकामा सञ्चालित विद्यालय नर्सिङ सेवा कार्यक्रमलाई थप प्रभावकारी बनाउन विद्यालय नर्सिङ सेवा कार्यक्रम सञ्चालन कार्यविधि २०७६ अनुसार देहाय बमोजिमको विद्यालय स्वास्थ्य समन्वय समिति गठन गर्ने सर्वसम्मत निर्णय गरियो ।

संयोजक : श्री तारा बहादुर तामाङ्ग (वडाध्यक्ष, वडा नं ७)

सदस्यः श्री उर्मिला अधिकारी (नर्सिङ्ग स्टाफ)

सदस्यः श्री भीमप्रसाद खड्का (प्रधानाध्यापक)

सदस्य: श्री रचना मैनाली (शिक्षा अधिकृत)

सदस्य-सचिव: श्री दिनानाथ चौधरी (स्वास्थ्य संयोजक

**निर्णय नं १४, प्रस्ताव नं १४, उपर निर्णयः**

प्रस्ताव नं १४ माथि आवश्यक छलफल गर्दा लिखु गाउँपालिकाको आर्थिक वर्ष २०८१/८२ को लागि प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तरगत छनौट भएका आयोजनाहरू मध्ये युवा रुपान्तरणका लागि पहल आयोजनाको लागि ५० दिने तालिम र ५० दिनको काममा कुल ४० जना, कामका लागि पारिश्रमिक आयोजनाको लागि १०० दिनको काममा कुल २५ जना र पालिका साझेदारी आयोजनाको लागि १०० दिनको काममा कुल ५ जना गरि जम्मा ६७ जना व्यक्तिलाई प्रति व्यक्ति १०० दिन रोजगार प्रदान गर्ने गरि तपसिलका वडाहरुमा देहाय बमोजिमका लाभग्राही संख्या रहेका आयोजनाहरुको छनौट गरि प्राविधिक स्टीमेटबमोजिम आयोजनाहरुको सञ्चालन गर्ने सर्वसम्मत निर्णय गरियो।

| क्र.स. | वडा नं. | छनौट भएको योजनाको नाम | आयोजनाको प्रकृति | लाभग्राही संख्या | संघिय बजेट | पालिकाको साझेदारी | आयोजानको बजेट |
|---|---|---|---|---|---|---|---|
| १ | १ | पिप्ले पधेरो देखि पिप्ले हुदैं नौविसे झर्ने तल्लो गोरेटो बाटो नौबिसे सम्म आयोजना | पालिका साझेदारी | ५ | 0 | ३५०००० | ३५०००० |
| २ | २ | ग्रामिण सडक सोलिंङ तथा घोरेटो बाटो निर्माण आयोजना | रोजगारी सिर्जना (नेपाल सरकार) | ५ | ३४०००० | ३०००० | ३७०००० |
| ३ | ३ | झ्याप्ले भिमसेनस्थान राङभाती सडक स्तरोन्नती आयोजना | रोजगारी सिर्जना (आ.डि.ए) | १० | ६८०००० | ३०००० | ७१०००० |
| ४ | ४ | प्रहरी चौकी छेउ तथा यसम मा.वि. मुनि सडक स्तरोन्नति आयोजना | रोजगारी सिर्जना (आ.डि.ए) | १० | ६८०००० | ३०००० | ७१०००० |
| ५ | ५ | गोपीटार, धाराखोला, लाम्रेडाँडा स्तरोन्नती आयोजना | रोजगारी सिर्जना (आ.डि.ए) | १० | ६८०००० | ३०००० | ७१०००० |
| ६ | ६ | रबेवर मुलपर्धेरा मौला सडक स्तरोन्नती आयोजना | रोजगारी सिर्जना (आ.डि.ए) | १० | ६८०००० | ३०००० | ७१०००० |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ७ | ७ | लिखु ७ ग्रामिण सडक स्तरोन्नती आयोजना | रोजगारी सिर्जना (नेपाल सरकार) | ६ | ४०८००० | ३५००० | ४४३००० |
| ८ | ८ | साठ्ठी वेशी चिनेटार वडा कार्यालय सडक मर्मत आयोजना | रोजगारी सिर्जना (नेपाल सरकार) | ७ | ४५५६०० | २५००० | ४८०६०० |
| ९ | ९ | लेती पिपलडाँडा पोकली झर्ना सडक सोलिङ्ग मर्मत आयोजना | रोजगारी सिर्जना (नेपाल सरकार) | ७ | ४७६००० | ४०००० | ५१६००० |
| **जम्मा** | | | | ७० | ४३९९६०० | ६००००० | ४९९९६०० |

**निर्णय नं १५, प्रस्ताव नं १५, उपर निर्णयः**

प्रस्ताव नं १५ माथि आवश्यक छलफल गर्दा रामेछाप नगरपालिकाको साँघुटारदेखि लिखु गाउँपालिका वडा नं. ३ स्थित नर्मदेश्वर महादेव हुँदै गाउँपालिका केन्द्र लिखु ४ यसमसम्म सडक वत्ती जडान गर्न आवश्यक सहयोगका लागि श्री वैकल्पिक उर्जा प्रवर्द्धन केन्द्र काठमाडौंलाई अनुरोध गर्ने सर्वसम्मत निर्णय गरियो ।

**निर्णय नं १६, प्रस्ताव नं १६, उपर निर्णयः**

प्रस्ताव नं. १६ माथि आवश्यक छलफल गर्दा लिखु गाउँपालिकामा सञ्चालित ब्याक हु लोडर तथा एम्बुलेन्सको चालु आर्थिक वर्षको २०८१।०४।०१ देखि २०८१।०९।२९ सम्मको राजश्व आम्दानी, मर्मत तथा इन्धनवापतको खर्च तथा सञ्चालन सम्बन्धी अन्य विवरण आगामी कार्यपालिकामा पेश गर्न एम्बुलेन्सको हकमा एम्बुलेन्स सञ्चालन समिति र ब्याकहु लोडरको हकमा कार्यालयलाई निर्देशन दिने सर्वसम्मत निर्णय गरियो ।

**निर्णय नं १७,प्रस्ताव नं १७, उपर निर्णयः**

प्रस्ताव नं १७ माथि आवश्यक छलफल गर्दा लिखु गाउँपालिकाको विविध समसामयिक विषयहरुमा देहाय अनुसार निर्णय गरियो।

(क) लिखु गाउँपालिका वडा नं ५ वडा सचिव श्री सञ्जना भट्टराईले मिति २०८१/०६/११ गते दिनुभएको पदस्थापना सहितको सरुवा सहमति माग भए बमोजिमको सरुवा सहमति प्रदान गर्ने

(ख) आगामी कार्यपालिका बैठक आवश्यकता अनुसार बस्ने निर्णय गरियो ।